Global Nepali

For Nepali By Nepali

Issue 6, March– May 2011

अंक ६, फाल्गुण १५ २०६७ – १५ जेठ २०६८


| | |
|---|---|
| शान्ति एवं सम्वेदना पूजा | २ |
| छैठौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन बारे छलफल कार्यक्रम | ३ |
| गैरआवासीय नेपालीहरुको भैटघाट कार्यक्रम | ३ |
| गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको साइवर वैठक सम्पन्न | ३ |
| निर्वाचन समिति | ४ |
| विधान समिति गठन | ४ |
| राष्ट्रिय समन्वय परिषद्वारा आयोजित कार्यक्रम | ४-१२ |


गैरआवासीय नेपाली संघ सचिवालय

टेकु, काठमाडौं

फोन नं. ९७७ – ०१ – ४२१५२४७; ४२६२२५५

इमेलः nrn@nrn.org.np

contact@nrn.org.np

वेभसाइटःwww.nrn.org.np

आदरणीय पाठक वृन्दः

नमस्कार !

गैरआवासीय नेपाली संघ सचिवालयले प्रकाशनमा ल्याउने गरेको समाचार पत्र (E-News Letter) को छैठौं अंक यहाँहरु समक्ष राख्न पाउँदा हामीहरुलाई खुशी लागेको छ । यहाँहरुबाट यस न्यूजलेटरको सम्बन्धमा सुझावको स्वागत गर्दछौं । २०११ मार्च १ देखि मे ३१ सम्म भएका महत्वपूर्ण कामहरुका समाचारहरु यस अंकमा समावेश गरिएका छन् ।

सचिवालयबाट निस्कने यस समाचार पत्रलाई हामीहरुले सुधार गर्दै लैजानु पर्ने धेरै ठाउँहरु छन् तसर्थ यहाँहरुको सृजनशील सुझावहरुको सधैं अपेक्षा गर्दछौं । यस अंकमा समावेश भएका सामग्रीहरु बारे जिज्ञासाहरु भए webmaster@nrn.org.np पठाउनु हुन हार्दिक अनुरोध गर्दछौं ।

यस अंकमा निम्न विषयलाई समेटेका छौः

- शान्ति एवं सम्वेदना पूजा
- छैठौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन बारे छलफल कार्यक्रम
- गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको साइवर वैठक सम्पन्न
- विधान समिति गठन
- निर्वाचन समिति
- गैरआवासीय नेपालीहरुको भेटघाट कार्यक्रम
- राष्ट्रिय समन्वय परिषदहरुद्वारा आयोजित कार्यक्रमहरु
- गैरआवासीय नेपाली संघ मकाउको दोश्रो अधिवेशन सम्पन्न

अन्य नछुट्नु पर्ने कुराहरु छुटेका भए सुझाव र सान्दर्भीकताका आधारमा समावेश गर्ने छौं

धन्यवाद !

गैरआवासीय नेपाली संघ सचिवालय



शान्ति एवं सम्वेदना पूजा




***6th NRN Regional Conference in Moscow ,Russia on 23—25 July***

**NRNA Secretariat**

Teku, Kathmandu

PhNo.977-01-4215247,4262255

E-mail nrn@nrn.org.np

contact@nrn.org.np

Visit www.nrn.org.np

## शान्ति एवं सम्वेदना पूजा

जापानमा गएको महाभूकम्प तथा सुनामीका कारण हुन गएको अत्यन्त ठूलो जन धनको क्षति प्रति दु:ख व्यक्त गर्न गैरआवासीय नेपाली संघले सम्वेदना एवं शान्ति पूजा गत २०६७ चैत्र १४ तद अनुसार २८ मार्च २०११ का दिन बौद्ध स्तुपामा आयोजना गरेको थियो । विशेष शान्ति पूजाको उद्घाटन सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट दीप प्रज्वलन गरी भएको थियो।

यस कार्यक्रममा गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनले आफ्नो मन्तव्यमा मानव धर्म स्वरुप हामीले यस कार्यक्रमको आयोजना गरेका हौं भन्दै उपस्थित सबै महानुभावहरुलाई एक मिनेटको मौन धारणको लागि आग्रह गर्नु भएको थियो ।

जापानका महामहिम राजदूत तात्सुतो मिजुनोले जापानी जनतालाई सम्झेर गैरआवासीय नेपाली संघले विशेष शान्ति पूजा कार्यक्रम आयोजना गरेकोमा आफु र जापान सरकारको तर्फबाट आभार व्यक्त गर्नु भएको थियो। मन्तव्यको क्रममा संविधान सभाका अध्यक्ष सम्माननीय सुवास चन्द्र नेम्वाङ्गले जापानमा महाभूकम्प तथा सुनामीबाट दिवंगत एवं प्रभावित भएका व्यक्तिहरु प्रति दु:ख प्रकट गर्दै चाडै नै त्यहाँको जनजीवन सामन्य होस भन्ने कामना व्यक्त गर्नु भयो। यसै गरी सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले यस शान्ति कार्यक्रम आयोजना गरेकोमा गैरआवासीय नेपाली संघलाई धन्यवाद दिदै यस दुखद घडीमा हामी सम्पूर्ण नेपालीहरु जापानी जनता र तहांको सरकारको साथमा छौ भनेर मन्तव्य दिनु भएको थियो।

उक्त कार्यक्रममा बुढानिलकंठ र कपन गुम्बाका रिङपोच्छेज्यूहरुका साथै विभिन्न गुम्बाबाट आउनु भएका एक सय भन्दा बढी लामाहरुले मन्त्रोच्चारण गरी पाठ गर्नु भएको थियो। यस कार्यक्रम सफल पार्नको लागि बौद्धनाथ क्षेत्र विकास समिति, बौद्ध ध्याङ गुठी, बौद्ध तामाङ कल्याण गुठी, ओम तामाङ सु:ख दु:ख गुठी, बौद्ध फुटवल क्लव, टुसाल युवा क्लव, छोरङान महिला समाजका साथै अन्य स्थानीय संघ संस्थाहरुले सहयोग गर्नु भएको थियो।

उक्त कार्यक्रममा सभासदज्यूहरु, गैरआवासीय नेपाली



दीप प्रज्वलन कार्यक्रम

संघका संरक्षक भीम उदास, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशी, अफ्रिकाका क्षेत्रीय संयोजक रंजना उदास, नेपालमा रहनु भएका आइसिसि सदस्यहरु, एनसिसका पदाधिकारीज्यूहरु, नेपाल उद्योग वाणिज्य महासंघका महानिर्देशक डा. हेमन्त दवाडी, गैरआवासीय नेपालीहरु, स्थानीय प्रतिनिधिहरु, धर्मावलम्विहरु, प्रतिष्ठित व्यक्तिहरु, स्थानीय संघ संस्थाका प्रमुखज्यूहरुका साथै स्वदेश र विदेशका संचारकर्मीहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको संचालन संघका सचिव तेन्जी शेर्पाले गर्नु भएको थियो भने सहयोगी संस्थाहरुलाई धन्यवाद संघका कार्यकारी निर्देशक होमराज आचार्यले दिनु भएको थियो।

यसै गरी सोही दिन साझ ६:३० बजे साँस्कृतिक धरोहर बौद्धस्तुपाको प्रांगढमा दिवगंत भएकाहरुको सम्झनामा सहस्र दिप प्रज्वलन गरिएको थियो ।

## छैठौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन बारे छलफल कार्यक्रम



मिति २०६८ वैशाख २२ गतेका दिन नेपाल उद्योग वाणिज्य महासंघको भवनमा नेपालका उद्योगी व्यवसायीहरु र छैठौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन तयारी समितका पदाधिकारीहरु वीच एक छलफल कार्यक्रम सम्पन्न भयो। यस कार्यक्रम आगामी जुलाई २३ देखी २५ ,२०११ मा मस्कोमा हुने छैठौ गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन बारे केन्द्रित रहेको थियो। यस सम्मेलन बारे गैरआवासीय नेपाली संघका उपाध्यक्ष एवं छैठौ क्षेत्रीय सम्मेलनका संयोजक जीवा लामिछानेले यस बारे प्रकाश पार्नु भएको थियो। कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष सुरज वैद्यले उक्त सम्मेलनमा भागलिन उहाँको नेतृत्वमा नेपालबाट उद्योगी व्यवसायीहरुको टोलीको सहभागीता रहने जानकारी दिनु भयो। मन्तव्यको क्रममा उहाँले नेपाल उद्योग वाणिज्य महासंघ गैरआवासीय नेपाली संघ संग सहकार्य गरेर नेपालको आर्थिक विकासमा टेवा पुर्याउन सदा तत्पर रहेको कुरा व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममममा गैरआवासीय नेपाली संघका सल्लाहाकार डा. जुगल भूर्तेल ,रुसका एनआरएनए आइसिसिका सदस्य द्वय डा. बद्री के.सी ,सपिला राजभण्डारीले पनि कार्यक्रम बारे मनतव्य राख्नु भएको थियो । यस कार्यक्रममा यूएइका एनआरएन राम लामिछाने ,नेपाल हस्तकला महासंघका निवर्तमान अध्यक्ष पुष्कर मान शाक्य, नेपाल पर्यटन वर्ष २०११ का संयोजक योगेन्द्र मान शाक्य ,एफएनसिएसआइका बरिष्ठ उपाध्यक्ष सुरेश प्रधान नेपाल उद्योग वाणिज्य महासंघ कार्यसमितका सदस्यहरुमा ओम राजभण्डारी , शेखर गोल्छा ,ज्ञानेन्द्रलाल प्रधान ,नेउवामहासंघका महानिर्देशक डा. हेमन्त दवाडी र कारोवार पत्रिकाका प्रमुख संवाददाता विजयबाबु खत्रीको उपस्थिति रहेको थियो ।

## गैरआवासीय नेपालीहरुको भेटघाट कार्यक्रम

मे ८ का दिन काठमाडौंमा नेपालमा रहनु भएका गैरआवासीय नेपालीहरु वीच एक भेटघाट कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा मुख्यतया मस्कोमा आयोजना हुन लागि रहेको छैठौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन बारे छलफल गरिएको थियो । सो कार्यक्रममा गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक डा. उपेन्द्र महतो, संघका सचिव तेन्जी शेर्पा, रुसका आइसिसि सदस्य द्वय डा. बद्री के. सि. र सपिला राजभण्डारी, क्यानाडाका डा.प्रमोद ढकाल, कतारका आशिष शेरचन, एनसिसि बहराइनका अध्यक्ष श्याम तामाङ्ग, एनसिसि रुसका कोषाध्यक्ष रंगनाथ पौडेल लगायत अन्य गैरआवासीय नेपालीहरुको उपस्थिति रहेको थियो।

## गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको साइवर वैठक सम्पन्न

२०११ अप्रिल २३ का दिन संघका अध्यक्ष देवमान हिराचनको अध्यक्षतामा २७ औ आइसिसि वैठक सम्पन्न भएको छ । उक्त साइवर वैठकमा मुख्यतया जापानमा गएको सुनामीबाट प्रभावित भएकाहरुको लागि फण्ड कलेक्सन, मस्कोमा आयोजना हुन लागेको छैठौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन, आर्थिक प्रतिवेदन, खुला विश्व विद्यालय सम्बन्धि जानकारीका साथै अन्य विषयहरुमा महत्वपूर्ण निर्णयहरु भएका छन् ।

उक्त वैठकको संयोजन महासचिव रतन झाले गर्नु भएको थियो भने संघका पदाधिकारीहरु लगायत अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरुले वैठकमा भाग लिनु भएको थियो ।

यसै गरी उक्त वैठकमा आगामी पाचौ गैरआवासीय नेपाली विश्व सम्मेलन यही आउँदो २०११ अक्टोवर १२ देखी १४ सम्म काठमाडौंमा आयोजना हुने र यसकालागि अध्यक्ष देवमान हिराचनको संयोजकत्वमा आयोजक समिति गठन गरिने निर्णय पनि भएको छ ।

### निर्वाचन समिति

२०११ अप्रिल २३ का दिन सम्पन्न भएको २७ औ आइसिसि वैठकले पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलनमा हुने निर्वाचन सम्बन्धि कार्यको लागि निर्वाचन समितिको गठनको जिम्मेवारी महासचिव रतन झालाई दिइएको छ । महासचिव झाको पहलमा यस समितिमा बढिमा ५ जना सदस्यहरु हुने गरी चाँडै नै समिति गठन गरिने भएको छ ।

### विधान संशोधन समिति

२०११ अप्रिल २३ का दिन सम्पन्न भएको २७ औ आइसिसि वैठकले पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलनका लागि संघका महासचिव रतन झाको सभापतित्वमा एक विधान संशोधन समिति गठन गरेको छ । उक्त समितका सदस्यहरुमा संघका कोषाध्यक्ष रामेश्वर शाह, अमेरीकाका क्षेत्रीय संयोजक अम्बिका प्रसाद अधिकारी, ओसिनियाका क्षेत्रीय संयोजक गोवा कटुवाल, युरोपका क्षेत्रीय संयोजक क्या. हितमान गुरुङ्ग, अफ्रिकाका क्षेत्रीय संयोजक रंजना उदास, मध्यपूर्वका क्षेत्रीय संयोजक बद्रि प्रसाद पाण्डे, एशिया प्रशान्तका क्षेत्रीय संयोजक एवं विधान समितिका सभापति गणेश इजाम, एशिया प्रशान्तका क्षेत्रीय उपसंयोजक रुद्र शर्मा, युवा मामिला संयोजक भवानी प्रसाद ओली र आइसिसि एवं विधान समितिका सदस्य डा. हेमराज शर्मा रहनु भएको छ ।

# राष्ट्रिय समन्वय परिषद्वारा आयोजित कार्यक्रम

## बेल्जीयमको आयोजनामा अन्तराष्ट्रिय महिला दिवस सम्पन्न

गैरआवासीय नेपाली संघ बेल्जीयमको आयोजनामा अन्तराष्ट्रिय महिला दिवस १२ मार्च २०११ का दिन बेल्जियमको आन्त्रोपेन शहरमा संपन्न भयो । गैरआवासीय नेपाली संघ पुर्व युरोपियन क्षेत्रिय सहसंयोजक जानकी गुरुङ्गको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रममा गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदका सदस्य अर्जुन कुमार श्रेष्ठको प्रमुख आतिथ्यता र नेपाली दुतावास बेल्जियमका उपनियोग प्रमुख दिपक धितालको विशिष्ट आतिथ्यता रहेको थियो ।

गैरआवासीय नेपाली संघमा महिलाहरुको भुमिका तथा सक्रिय सहभागिता, आपतकालिन मानविय कोष तथा नेपाली हाउस, नेपालको उन्नती प्रगतिमा गैरआवासीय नेपाली महिलाहरुको भुमिकाका संबन्धमा छलफल गरिएको थियो ।

यस कार्यक्रममा एनसिसि वेल्जियमका पदाधिकारी एवं सदस्यहरु लगायत विभिन्न सामाजिक संघसंस्थाहरुबाट ९१ जनाको सहभागीता रहेको थियो ।

## भूकम्प तथा सुनामी सहयोग समिति अन्तर्गतको राहत कोषमा रकम संकलन

भूकम्प तथा सुनामी सहयोग समिति अन्तर्गतको राहत कोषमा मार्च २१ को दिउसो सम्म १५,८२००० जापानी येन संकलन भएको कुरा एनसिसि जापानका अध्यक्ष एवं राहत कोष उपसमितिका संयोजक लालबहादुर केसी रोशनले दिनुभएकोथियो। राहत कोषमा त्यसबेला सम्म नगद हस्तान्तरण वा बैंक ट्रान्सफर गर्ने महानुभाव हरुको संख्या पनि निकै थियो ।

यसैगरी उद्धार समितिले मार्च १९ सम्ममा १२० जनाको उद्धार गरी सकेको छ भने मार्च २० मा ७ जना उद्धार समितिको परामर्समा टोकियो आइपुगेको जानकारी जापानका आइसिसि सदस्य अरुण कुमार श्रेष्ठले दिनु भएको थियो । उहाँका अनुसार फुकुसिमाबाट १० ले आफूहरुलाई उद्धार गरिदिन अनुरोध आएको र उहाँहरुको उद्धारका लागि दुतावाससँग समन्वय भैरहेको बारे जानकारी गराउनु भएको थियो । सेन्दाइ र फुकुसिमाबाट यस अघि उद्धार गरिएकाहरु मध्ये १५ जना भन्दा बढी नेपाल प्रस्थान गरिसकेको कुरा जानकारी गराइएको थियो ।

## सुनामी पिडित जापानीहरुलाई नेपाली भोजन

अप्रिल १ तारिक शुक्रवार जापानको उत्तरपूवी क्षेत्र फुकुसिमाका सुनामी प्रभावित आठ सय भन्दाबढी जापानीहरुलाई एनआरएन जापानको सक्रियतामा जापानबासी नेपालीहरुले नेपाली भोजन गराएर जापानीहरुको दु:खमा आफूहरु पनि साथै रहेको सन्देश दिदैं सहयोगी भावनाको प्रदर्शन गरिएको थियो । एनआरएन जापानको अगुवाइमा एकहजार जनाको लागि नेपाली परिकारको प्रबन्ध गरिएको थियो । सोही अवसरमा शिविरमा रहेका सयौं पींडित जापानीहरुसंग प्रत्यक्ष भेटेर टोलीले वास्तविक वस्तुस्थितिको अध्ययन गरेको थियो । कार्यक्रममा एनआरएनए आइसिसिस जापानका सदस्य अरुण श्रेष्ठ, एनसिसि जापानका सल्लाहकार डा. राम गिरी, उपाध्यक्ष भुषण घिमिरे लगाएतका प्रतिनिधीहरु तथा जापानका बिभिन्न संघसंस्थाका प्रतिनिधि, ब्यवसायी, पत्रकार, समाजसेवी लगायतका २५ जना स्वयमसेवकहरुको उपस्थिती रहेको थियो। ४ वटा शिविरमा रहेका पींडित जापानीहरुलाइ खानाको साथै पेयपदार्थ, चाउचाउ, बच्चाबच्चीहरुका लागि खेलौना आदि पनि बितरण गरिएको थियो ।

## फिनल्याण्डका मन्त्रीद्वारा नेपाली बिद्यार्थीहरु  सम्मानित



मार्च २२ तारिखका दिन फिनल्याण्डमा आएर विभिन्न शैक्षिक संस्थाहरुबाट अध्ययन पूरा गरेका नेपाली विद्यार्थीहरुलाई गैरआवासिय नेपाली संघ फिन्ल्यान्डले एक कार्यक्रम बीच सम्मान गरेको छ। कार्यक्रममा फिन्ल्याण्डका इमिग्रेसन तथा युरोपियन मामिला मन्त्री एस्ट्रोड थोर्सले सम्मानित विद्यार्थीहरुलाई प्रमाणपत्र बितरण गर्नु भएको थियो। एनसिसि फिन्ल्याण्डका कार्यबाहक अध्यक्ष ब्योमा ताम्राकारको अध्यक्षतामा भएको उक्त कार्यक्रमको सन्चालन गैरआवासीय नेपाली संघ आइसिसिका सदस्य शुशिल ज्ञवालीले गर्नु भएको थियो। कार्यक्रममा बोल्दै वहाँले सन् १९९० मा जम्मा ६ जनाको संख्यामा रहेको नेपाली समुदाय हाल हजार भन्दा बढी रहेको कुरा जानकारी गराउनु भएको थियो।त्यसैगरि सम्मान पाउने विद्यार्थी समुदायको प्रतिनिधित्व गर्दै एनसिसि फिन्ल्याण्डका कोषाध्यक्ष डा. अरुण पोख्रेलले बिद्यार्थीहरुका चूनौतीहरुको विश्लेषण गर्दै त्यस्ता चूनौतीहरुको सामना गरेर शैक्षिकरुपमा सफलता हासिल गर्नु भएका नेपाली विद्यार्थीहरुप्रति गर्व गर्दै हाल अध्ययनरत बिद्यार्थीहरुलाई आफ्नो अध्ययन पूरा गर्न हौसला प्रदान गर्नु भयो।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा आमन्त्रित मन्त्री थोर्सले नेपाल र फिनल्याण्ड बीचको दुइपक्षिय सम्बन्धको चर्चा गर्दै फिन्ल्याण्डलाई अहिलेको बिकसित अवस्थामा ल्याउने प्रमुख मन्त्र शिक्षा नै रहेको उल्लेख गर्दै नेपाल लगायत बिकासोन्मुख देशहरुमा फिन्ल्याण्ड सरकारले उक्त क्षेत्रमा गरेका कामहरुको चर्चा गर्नु भएको थियो। मन्त्री थोर्सले बिभिन्न कठिनाइहरुलाई पार गर्दै आफ्नो अध्ययन पुरा गर्न सफल विद्यार्थीहरुलाई आफ्नो सीप र दक्षताको फिनल्याण्ड तथा नेपालमा प्रदर्शन गर्न आग्रह गर्नुभएको थियो।

## एनसिसि यूकेको बैठक सम्पन्न

२०११ अप्रिल १० मा गैरआवासीय नेपाली संघ यूकेको कार्यसमितिको दशौं बैठक रेडिङस्थित गोर्खा स्क्वायरमा सम्पन्न भयो। बैठकले संघको साधारण सभा तथा नयाँ कार्यसमितिको निर्वाचन आगामी सेप्टेम्वर १० तारिखमा लण्डनमा सम्पन्न गर्ने निर्णय गरेको छ। जसको लागि डा. राघव धितालको संयोजकत्वमा डा. हेमराज शर्मा, रि.मे. डमर घले, सोलिसिटर राजु थापा र डा. कृष्ण अधिकारी रहेको पाँच सदस्यीय निर्वाचन समिति गठन गरेको छ। बैठकले साधारण सभा तथा निर्वाचनको कार्यक्रम स्थल तय गर्न र सो सम्बन्धि आवश्यक व्यवस्थापन गर्न राजकुमार त्रिपाठीलाई जिम्मेवारी दिईएको छ।

बैठकले नेपाली नागरिकता बचाउने अभियानलाई तिव्रता दिने, दोहोरो नागरिकताको प्रावधान गराउन एन.आर.एन. अन्तर्राष्ट्रिय कमिटिसंग संयोजन गरी नेपालमा तुरुन्तै उच्चस्तरिय प्रतिनिधिमण्डल पठाउनेमा  निर्णय गरेको छ। डमर घलेको संयोजकत्वमा आर्थिक सहयोग समिति गठन गरेको छ। समितिमा धुव के.सी., नेपालका तीन ठूला दलका यूकेमा कार्यरत संस्थाका प्रमुखहरु, यूकेमा कार्यरत अन्य संघसंस्थाका प्रतिनिधिहरु र समाजका प्रबुद्ध व्यक्तिहरु रहने व्यवस्था गरेको छ।

समितिले बैठकस्थलमा नै तिनहजार पाउण्ड रकम संकलन गरेको छ। यस अभियानलाई सम्पन्न गर्न एन.आर.एन.ए अन्तर्राष्ट्रिय समन्वय परिषदसंग संयोजन गरी प्रतिनिधिमण्डल सम्बन्धि सम्पूर्ण व्यवस्थापन गर्न एन.आर.एन.ए यूरोपका क्षेत्रिइ संयोजक रि.क्या. हितमान गुरुङलाई जिम्मेवारी दिईएको छ। बैठकले एनसिसि यूकेले आफ्नो कल्याणकारी कोषमार्फत विपत्तिमा परेका विभिन्न व्यक्तिहरुलाई आर्थिक सहयोग गर्दै आएको सन्दर्भमा यस कोषको रकम बृद्धिको लागि पहल गर्न भएको छ । यसै गरि बैठकमा जापानमा महाभुकम्प तथा सुनामीपिडितहरुको सहयोगार्थ आई.सि.सि. सदस्य विजय थापाको संयोजकत्वमा एनसिसि यूकेद्वारा गठित सुनामी पिडित सहयोग समितिले पाँच हजार पाउण्ड रकम संकलन भएको रिपोर्ट पेश गरेको छ ।

बैठकमा एन.आर.एन.ए को आगामी जुलाई २३ देखि २५ सम्म मस्कोमा आयोजना हुने अन्तर्राष्ट्रिय सम्मेलनलाई भव्यरुपमा सम्पन्न गर्न यूकेबाट आवश्यक सहयोग गर्नुका साथै सम्मेलनमा यूकेबाट व्यापक सहभागिता जनाउन सबैलाई अव्हान गर्ने निर्णय गरेको छ। बैठकले यूकेबाट यस सम्मेलन तथा आगामी अक्टोवरमा नेपालमा सम्पन्न हुने अन्तर्राष्ट्रिय सम्मेलनको कामको संयोजन गर्न र आई.सि.सि. सम्बन्धि बाँकि अवधिको कामको संयोजन गर्न आई.सि.सि. सदस्य शंकर भण्डारीलाई जिम्मेवारी दिईएको छ।एनसिसि युकेका अध्यक्ष सूर्य गुरुङको अध्यक्षता र कोअर्डिनेटर भक्त गुरुङले सञ्चालन गरेको बैठकको व्यवस्थापन ग्रेटर रेडिङ नेपाली समाजले गरेको थियो।

## NRNs in US engage in an interaction with ambassadors and government




NRN National Coordination Council facilitated an interaction with NRN-NCC of USA and organized an interaction with Ambassador Scott H. DeLisi, Ambassador Dr. Shankar P. Sharma and Mr. Mitul Desai, a Senior Adviser to Assistant Secretary Blake of the Department of State.

The interaction primarily focused on building human (youth and women), professional and entrepreneurial capabilities. Mr. Ram C. Kharel, Media Coordinator, welcomed the guests and appealed to maintain Nepali identity to help Nepal. Mr. Jagannath-Ghimire, Mr. Pradyumna Dahal and Mr. Deepak Basyal talked about the importance of professional networking and knowledge sharing between professional organizations of Nepal.

Dr. Gyanu Acharya shared interesting data on the trend of growing number of Nepali in US and a need to establish a process to capture these youth. Focusing on challenges of entrepreneurship in Nepal, SVP of NRN National Coordination Council of US, Mr. Prahlad KC, talked about adverse impact of travel advisory warnings, garment imports and role of NRN Organization to promote better image of Nepal. Mr. Anjan Shrestha talked about a need for Tax treaty between Nepal and US to ensure Nepalis are not subject to double taxation.

Mr. Ratan Jha highlighted the objectives and existence of NRN Association and the needs of NRNs to work with their counter parts in Nepal in big infrastructure projects by sharing knowledge, experience and wealth. Mr. Suman Timsina, President of NRN NCC-USA, further added, that time has never been better to invest in Nepal. This is a time to rebuild Nepal and they need every resources that we can use to deliver big impacts.

Mr. Mitul Desai, a senior advisor to Asstt Secretary of State Mr. Robert Blake, introduced the task of diaspora relations in the department of State and emphasized his commitment to work closely with Nepali community in building better relationship with Diaspora.

Speaking on the occasion, His Excellency Mr. Delisi, informed attendees how the US government has been engaged in Nepal's capacity building and capacity development. He also gave example of energy, education, social relationship and other entrepreneurial projects. Ambassador Dr. Shankar P. Sharma presented several data on Nepal's development and said the capacity building and capacity utilization of Nepal's skills, profession, youth, women and economy is a must.

Over 70 community leaders from various part of USA representing youth, professionals and other organizations participated in the program. Mr. Rajendra Shrestha summarized the program and extended vote of thanks.

## Tea party reception on New Year 2068

NRNA NCC Denmark held a tea party reception on New Year 2068. The program was held at Cafe White Ganesha, Nansensgade 64, in Copenhagen in presence of the Chief Guest His Excellency Ambassador Bijaya Kanta Karna, the Nepali ambassador for Denmark.

Mr. Som Nath Sapkota President of NRNA Denmark stated that the programme was organized in order to keep Nepali culture alive despite living abroad.

Ambassador Karna in the program highlighted the political situation of Nepal and stressed on timely promulgation of new constitution together with settlement of peace process. He further hoped that in the backdrop of democratic culture and practice it normally takes longer time to institutionalize democracy.

The program was concluded by serving hot Nepali tea and snacks to the participants.



## गैरआवासीय नेपालीद्वारा हङकङमा पर्यटन वर्षलाई सघाउन मोटर र्‍यालीको आयोजना

नेपाल पर्यटन वर्षलाई सहयोग गर्नको लागि अप्रिल १६, २०११ का दिन गैरआवासीय नेपालीहरुको सहभागितामा हङकङको मुख्य पर्यटकीय थलो भिक्टोरिया पिक देखी वेष्ट काउलुन सम्म मोटर र्‍यालीको आयोजना गरिएको थियो। यस कार्यक्रमको मुख्य उद्देश्य संसारभरीका पर्यटकहरुलाई नेपालमा भ्रमणको लागि आकर्षित गर्नु रहेको थियो। र्‍यालीमा सहभागी मोटर भ्रमण वर्षको लोगो र नेपालका मुख्य पर्यटकीय आकर्षण सहितका तस्विरहरुले ढाकिएको थियो। मोटरमा टाँसिएको प्रवर्द्धनात्मक स्टीकर भ्रमण वर्ष भरी प्रयोग हुने बताइएको छ।




यस कार्यक्रममा हङकङ स्थित महावाणिज्य दूत विनोद कुमार उपाध्यायले नेपाल सरकारको आह्वानलाई सफल पार्न सांकेतिक अनुरोध सहित मोटरको साँचो गैरआवासीय नेपाली संघका उपाध्यक्ष जीवा लामिछानेलाई हस्तान्तरण गर्नु भएको थियो।

कार्यक्रममा बोल्दै उपाध्यक्ष लामिछानेले नेपालले राष्ट्रिय अभियानका रुपमा अघि सारेको पर्यटन वर्ष २०११ लाई सफल पार्न विश्वका विभिन्न मुलुकमा रहेका गैरआवासीय नेपालीहरुको महत्वपूर्ण भूमिका हुने भएको बताउनु भयो। उहाँले गैरआवासीय नेपाली संघले नेपाल सरकारको यस महत्वपूर्ण अभियानमा हातेमालो गर्ने प्रतिवद्धता गरिसकेको र यसलाई विश्वव्यापी अभियानका रुपमा अगाडी बढाउने जानकारी दिनु भयो।

यस कार्यक्रमका आयोजक हङकङका गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्य कृष्ण पाण्डेले लक्षित पर्यटकहरुको नेपाल प्रति ध्यानाकर्षण गराउन यस र्‍यालीको आयोजना गरिएको बताउनु भयो। यसै गरी हङकङका महावाणिज्य दूत विनोद कुमार उपाध्यायले हङकङबाट नेपाल भ्रमणमा जाने पर्यटकहरुको संख्यामा वृद्धि भएको जानकारी दिनु भएको थियो। यस कार्यक्रमको आयोजना होलिडे नेपाल टुर्स एण्ड ट्राभल्सले गरेको थियो।

## पोल्याण्डमा गैरआवासीय नेपालीहरु वीच भेटघाट कार्यक्रम सम्पन्न



गैरआवासीय नेपाली संघ पोल्याण्डले वारसवामा अप्रिल २४ मा नयाँ वर्ष २०६८ को शुभ उपलक्ष एवम् लोकतन्त्र दिवसको सन्दर्भमा पोल्यान्डमा बस्ने नेपालीहरुसंगको भेटघाट कार्यक्रम उपाध्यक्ष राजु केसीको अध्यक्षतामा सम्पन्न भयो ।उक्त भेट्घाट कार्यक्रममा सबै नेपालीहरु वीचको परिचयात्मक कार्यक्रमले एकआपसमा नेपालीवीच सामिप्यता बढाउने काम गरेको थियो । कार्यक्रममा स्वागत भाषण सल्लाहाकार एसबी खिमलालले दिनु भएको थियो भने वारसवा यूनिभर्सिटिमा अध्ययनरत एबंम प्राध्यापक यम चौलागाइले आफ्ना गहन मन्तव्य राख्नुको साथै आफ्नो कला प्रदर्शन गर्नु भएको थियो ।

कार्यक्रमको सन्चालन सचिव मित्रलाल पार्दले गर्नु भएको थियो भने दोस्रो चरणको कार्यक्रमको सन्चालन दीपेन्द्र सिलवालले गर्नु भएको थियो । यस कार्यक्रमको दौरानमा तहाँ उपस्थित भएका गैरआवासीय नेपालीहरुले आर्थिक सहयोग पनि प्रदान गरेका थिए । एनआरएनए पोल्यान्डको बिहान बसेको बैठकले संस्थाका अध्यक्ष वोध राज सुबेदीको खुट्टाको सल्यक्रिया गर्नु परेकोले उहाँ आउन नसकेको अवगत गराउदै उहाँको स्वास्थ्य लाभको कामना गरिएको थियो भने गैरअवासीय नेपाली संघको वेब साईट मे १ गते देखी सन्चालन गर्ने निर्णय पनि गरिएको थियो । वेबसाईट निर्माण गर्नमा बिशेष रुपमा खटिनु भएका गोपाल राइ, बोध राज सुबेदी लगायतका सम्पुर्ण एनआरएन परिवारलाई संघले धन्यबाद दिएको थियो । उक्त बैठकमा सम्पुर्ण साधारण सदस्यहरुको फोटो सहितको एनआरएनए पोल्यान्डको सदस्यता कार्ड बनाउने निर्णय गरिएको थियो ।

## Honoring Anuradha Koirala CNN Hero 2010 in the Washington DC



On Sunday, April 24th, 2011, the Nepali Women's Global Network (NWGN) and the Association of Nepali Women in America in Washington DC (ANWA) organized a program to honor renowned Nepali activist Anuradha Koirala, who was declared "CNN Hero of the Year 2010" by the CNN in December last year. Bishnu Thapa, President of NWGN and Coordinator of ANWA organized and provided the leadership of this highly successful event.

Sudeep Shrestha, Coordinator of Nepali Organizations SajahManch showed a video commemorating the work of Anuradha Koirala and Maiti Nepal. Biva Ranjeet, vice president of NWGN welcomed the attendees and recognized the representatives from numerous organizations and the media for their support of the event. Introducing Ms. Koirala, Dr. Bidya Ranjeet, the vice president of NRN NCC USA spoke about Ms. Koirala as an inspiring figure and how small acts of active kindness make a big difference in people's lives.

Speaking at the program, Nepali ambassador to the United States Dr. Shankar Prasad Sharma said that Koirala's recognition as a CNN Hero has helped shed light on the larger issue of sex trafficking.

Ms. Koirala was recognized by Non Resident Nepali National Coordinating Council USA and members of over 30 Nepali organizations based in the United States, each of them stressing on the importance of her work and praising her commitment to rescue vulnerable young Nepali girls who are trafficked to India and the Middle East.

There is nothing you can completely eradicate from the world. But what we can do is make an effort to prevent the problem in first place." says Ms. Koirala, speaking at the event.

## एनआरएनए–एनसिसि कतारको तेश्रो परिषद भेला सम्पन्न

१३ मे २०११ शुक्रवारका दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको कार्यकाल (२००९–२०११) को तेश्रो तथा अन्तिम परिषद भेला सम्पन्न भएको छ। एनआरएनए–आईसीसीका उपाध्यक्ष तथा भेलाका प्रमुख अतिथि सागर नेपालद्वारा द्विप प्रज्वलित गरि विधिवत रुपमा उदघाटन गरिएको उक्त भेलाको सभापतित्व एनसिसि अध्यक्ष नरेन्द्र भाटले गर्नु भएको थियो।

कार्यक्रममा अतिथिका रुपमा एनआरएनए–आईसिसि सदस्य तथा कतार प्रतिनिधि प्रज्ञान उदास, एनसीसी सल्लाहकार संयोजक कमलमणी गुरागाई, फरेन ईम्प्लोयमेन्ट टास्क फोर्सका सदस्य टि.बि.कार्की, युवा विभागका लागि कतार संयोजक अमृत गुरुङ स्थानिय पत्रकारहरु लगायत पार्षद सदस्यहरुको उल्लेख्य उपस्थिति रहेको थियो। प्रथम उपाध्यक्ष अजिजुर रहिमान शेषले स्वागत मन्तव्यबाट अतिथि तथा सहभागिहरुलाई स्वागत गर्नु भएको थियो भने महासचिव बिलबहादुर गुरुङले कार्यक्रम सञ्चालन गर्नु भएको थियो।



दोश्रो परिषद भेला पश्चात कार्यसमितिले गरेका कार्यहरुको विस्तृत विवरण कार्यप्रगति प्रतिवेदनको रुपमा महासचिव गुरुङले संस्थाको सांगठानिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो। त्यसै गरि संस्थाको आर्थिक गतिविधि समेटिएको आर्थिक प्रतिवेदनहरु कोषाध्यक्ष पुर्णबहादुर केसीले भेलामा प्रस्तुत गर्नु भएको थियो। स्मरण रहोस एनआरएन सांस्कृतिक साँझ २०११ कार्यक्रमको आय व्यय विवरणलाई छुट्टै प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा आफ्नो छोटो मन्तव्य व्यक्त गर्ने क्रममा प्रमुख अतिथि सागर नेपालले भेलाबाट एनआरएन अभियानले धेरै उपलब्धि पाएको टिप्पणी गर्नु भएको थियो। आउने दिनमा संघले अरु प्रगति गर्न सबैको सहयोग आवश्यक रहेको विचार व्यक्त गर्नु भयो।

अध्यक्ष तथा कार्यक्रमका सभापति नरेन्द्र भाटले सहभागि सबैलाई धन्यवाद दिनु हुदै परिषद भेलाले दिएको जिम्मेवारी वर्तमान कार्यसमितिले कतारवासी नेपालीहरुको भावनालाई समेटेर सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो ।

## फ्रान्समा भलिवल प्रतियोगिता सम्पन्न

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद फ्रान्सको आयोजनामा चौथो पटक २०११ मे १४ र १५ मा भलिवल प्रतियोगिता सम्पन्न भएको छ । संघले हरेक वर्ष यो प्रतियोगिता आयोजना गर्दै आएको छ । संघले खेलको माध्यमबाट नेपाली नेपाली वीच चिन जान अभिवृद्धि गराई राष्ट्र र नेपाली समाजको हितमा हातेमालो गर्ने उद्देश्य राखेको छ ।




फ्रान्समा बसोबास गर्ने युवा खेलाडीहरुको ५ टीमहरुमा नेपाली एकता समाजको २ टीम, तमुसमाज फ्रान्सको २ टीम र ला कोर्नोव नेपाली एक टीमले यस प्रतियोगितामा भाग लिएका थिए । कार्यक्रमको सफलताको कामना व्यक्त गर्दै नेपाली राजदूतावास फ्रान्सका मिनिस्टर काउन्सुलर जिवन प्रकाश श्रेष्ठले प्रतियोगताको उद्घाटन गर्नु भएको थियो । खेलको सभापतित्व संघका उपाध्यक्ष तथा खेलकुद साँस्कृतिक उपसमितका संयोजक थमन वहादुर टण्डनले गर्नु भएको थियो ।

संघका अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्य हरिहर अर्यालले गैरआवासीय नेपाली संघ सबै नेपालीको प्रिय र साझा संगठन भएकोले यस प्रति चासो देखाइ सहयोग गर्न सबैलाई अनुरोध गर्नु भयो । कार्यक्रममा संघका कोषाध्यक्ष कृष्ण प्रसाद अधिकारी, सहकोषाध्यक्ष भक्त वहादुर वाग्ले, सचिव शोभा मैनाली, सदस्यहरुमा घनश्याम पौडेल, किरण के.सीको सहभागीता रहेको थियो भने महासचिव हरी प्रसाद सापकोटाले कार्यक्रम संचालन गर्नु भएको थियो।

प्रतियोगितामा नेपाली समाजको **A** टीम प्रथम, तमु समाज फ्रान्सको **A** टीम दोस्रो र नेपाली एकता समाजको **B** टीम तेस्रो भएका थिए । विजेता टीमहरुलाई बधाई दिदैं नेपाली राजदूतावास फ्रान्सका महामहिम राजदूत कृष्ण श्रेष्ठज्यूले नगद पुरुस्कार, तक्मा र प्रमाण पत्र खेलाडीहरुलाई प्रदान गरी पुरस्कृत गर्नु भएको थियो ।

## बेल्जीयम ब्रुजमा चौथो बर्षको नेपाल महोत्सव सम्पन्न

१५ मई बेल्जीयम सन २००८ देखी एनआरएन बेल्जीयमले बिभिन्न संघ संस्थाहरुको सहभागीता एबं नेपाली दुतावास बेल्जीयमको संयुक्त आयोजनामा बेल्जीयममा नेपाल महोत्सव हुने गरेको छ। उक्त मेला बेल्जीयममा पहिलो पटक एन्टवेरपेन शहरमा, दोश्रो बर्ष ब्रुसेलमा, गएको वर्ष लुभेनमा सफलतापूर्वक सम्पन्न भएको थियो ।

यस बर्ष २०११ को नेपाल फेस्टिवल लाई बेल्जीयमको एक सुरक्षित पर्यटकिय क्षेत्र मानिने ब्रुजमा १५ मई आइतबार भब्व रुपमा सम्पन्न भएको छ । उक्त मेला नेपाली दुतावास वेल्जियम तथा एन आर एन वेल्जियम र वेल्जियम स्थित नेपाली संघ संस्थाको आयोजनामा भएको हो । वेल्जियममा गरिएको तीन वटा नेपाल मेला मध्ये यो बर्षको मेला अन्यको तुलनामा अत्यन्तै सफल रहेको मानिएको छ ।

बेल्जियमकै निकै प्रसिद्ध पर्यटकिय क्षेत्र ब्रुजको मुख्य पर्यटकिय स्थल एवं ब्रुज शहरको मुख्य चोकमा गरिएको उक्त कार्यक्रमले बिगतमा भएका नेपाल महोत्सब भन्दा ३ गुणा बढी पर्यटकहरुलाई नेपालको पहिचान गराउन सफल भएको छ । उक्त महोत्सब हेर्न भित्रिएका पर्यटकहरुले नेपाली कला संस्कृति प्रति निकै चाख देखाएका थिए ।

बिदेशी पर्यटकका साथै नेपालीहरुले समेत नेपालका बिभिन्न पर्यटकिय क्षेत्रहरुको तस्बिरहरु निकै चाख पूर्ण नियाल्नुका साथै कला सामाग्रीहरु खरिद गरेका थिए । महोत्सब परिसर भित्र नेपाली फुड लगायत कला संस्कृतिका स्टलहरु गरी १५ वटा स्टल राखिएका थिए । तमाङ समाज तथा शेर्पा समाजले बिभिन्न झाकी प्रस्तुत गरेका थिए ।

समग्रमा बेल्जीयम स्थित ब्रुज शहरमा सम्पन्न उक्त कार्यक्रममा उपस्थित सबैले अत्यन्तै उत्साहजनक उपस्थिति रहेको थियो ।

## NRN National Coordination Council of USA meets with Deputy Prime Minister Mr. Bharat Mohan Adhikari

17 April, 2011, A delegation of NRN National Coordination Council of USA met with Deputy Prime Minister of Nepal Mr. Bharat Mohan Adhikari and presented a memorandum. NRN NCC of USA's delegation was led by President Mr. Suman R Timsina and he was joined by media coordinator Mr. Ram Kharel and executive members Mr. Dilliraj Poudel and Mr. Milan Rai. They presented a memorandum congratulating Deputy PM Mr. Adhikari for signing a historical Trade and Investment Framework Agreement (TIFA) with USA.

Mr. Adhikari informed delegation about current energy crisis and how government is appealing NRNs to make investment in hydro power sector during this period of energy crisis.

NRNNCC of USA highlighted and appreciated work of Ambassador Dr. Shankar P. Sharma and his outreach to NRN community and US law makers. They requested Dy PM to mutually develop a process to engage NRNs worldwide to influence their host countries and their policies in favor of Nepal.

The delegation also requested government to expedite the process of completing a constitution delays and discussed why it so important for Nepal government to recognize ONCE A NEPALI ALWAYS A NEPALI and provisioning dual citizenship will help Nepal not just economically but will strengthen cultural relationship with its Diaspora.

## बेल्जियममा २५५५ औ बुद्ध जयन्ति कार्यक्रम

मे २२ का दिन विश्वमा शान्ती छाओस भन्ने कामनाका साथ बेल्जियम बासी नेपालीहरुले पूजा आजा एवं बिभिन्न कार्यक्रम गरी २५५५ औं बुद्द जयन्ती मनाइए । लामा गुरुज्युहरुबाट बुद्ध दर्शन एवं जप पाठ गरि शुरु गरिएको उक्त कार्यक्रममा बेल्जियमका लागि नेपाली राजदुत प्रमेस कुमार हमाल लगायत बिभिन्न संघ-संस्थाका प्रतिनिधीहरुले बुद्धका ज्ञान दर्शनलाई अगाल्नु पर्ने बताउनु भएको थियो । यस अवसरमा 'भगवान गौतम बुद्ध नेपालमा जन्मिएका हुन र लुम्बिनी नेपालमा नै पर्छ' भनेर जानकारी पनि गराइएको थियो । कार्यक्रममा नेपाली बौद्द तथा हिन्दू धर्मवलम्बी एवं श्रिलन्का, भारत, फ्रान्स, जर्मनी एव बेल्जिक बौद्ध मार्गीहरुको उल्लेखनिय साहभागिता रहेको थियो ।

## विभिन्न मुलुकका एनसिसिहरुका साधारण सभा सम्पन्न

यस अवधिमा विभिन्न मुलुकमा रहेका एनसिसिहरुमा महाधिवेशन सम्पन्न भएका छन् । महाधिवेशन सम्पन्न भएका एनसिसिहरुमा नाइजेरिया, युक्रेन, फिनल्याण्ड, ग्रीस, साउदी अरव, कुवेत, मकाउ, चीन, वेल्जियम, हङकङ्ग, पोर्चुगल र स्पेन रहेका छन् । अन्य एनसिसिहरुमा पनि महाधिवेशनहरु आगामी महिनाहरुमा सम्पन्न हुन गैरहेका छन् । यस महाधिवेशनहरुमा केन्द्रबाट अध्यक्ष, उपाध्यक्ष लगायत अन्य पदाधिकहरुको सहभागिता रहेको छ ।








